का.जि.प्र.का.द.नं. १००/०५९/६०
४ पुस २०८०,
बुधबार
20 December 2023,
Wednesday
मूल्य रु. ५/-

# मध्यान्ह

राष्ट्रिय दैनिक

ईपेपर हेर्नुस्

वर्ष २१, अंक ३१५ । पृष्ठ १६ | Madhyanha National Daily | www.madhyanhadaily.com

**एनसेल खरिद-बिक्री प्रकरण**

## प्रधानमन्त्रीको गम्भीर स्वीकारोक्ति

एनसेल शेयर खरिदकर्तासँग उच्च राजनीतिक र प्रशासनिक नेतृत्वको सम्बन्ध रहेको प्रधानमन्त्रीले नै स्वीकार गरेका छन् । आफ्नो मात्रै नरहेर पूर्वप्रधानमन्त्री शेरबहादुर देउवा र केपी ओलीको समेत उस्तै सम्बन्ध रहेको भन्दै उनले शीर्ष नेताहरुको व्यापारिक सम्बन्ध उजागर गरिदिएका छन् ।

**आरके डिसी/मध्यान्ह**
काठमाडौं, ३ पुस ।

प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डले एनसेलको शेयर खरिद बिक्रीका सम्बन्धमा सरकारको कामकारबाहीबारे प्रष्टीकरण दिएका छन् । उनको प्रष्टीकणले राजनीतिक नेतृत्व र ब्यापारिक सम्बन्धको समेत उजागर गरिदिएको छ ।

एनसेल शेयर खरिदकर्तासँग उच्च राजनीतिक र प्रशासनिक नेतृत्वको सम्बन्ध रहेको स्ययम प्रधानमन्त्रीले स्वीकार गरे । आफ्नो मात्रै नरहेर पूर्व प्रधानमन्त्री शेरबहादुर देउवा र केपी शर्मा ओलीको समेत उस्तै सम्बन्ध रहेको भनी शीर्ष नेताहरुको ब्यापारिक सम्बन्ध उजागर गरिदिएका छन् ।

एनसेलमा रहेको आजियाटाको स्वामित्वको ८० प्रतिशत सेयर सतिश लाल आचार्यको युकेस्थित स्पेक्ट्रलाइट युके लिमिटेड कम्पनीलाई बिक्री गरिएको सार्वजनिक भएको छ । अजियाटाले एक अर्ब ३६ करोड अमेरिकी डलरमा खरिद गरेको यो सेयर बिक्री हाल ५० करोड अमेरिकी डलरमा गरेको सूचना सार्वजनिक गरिएको छ ।

तर, हालसम्म सेयर खरिद बिक्रीका सम्बन्धमा नेपाल सरकारको नियामक निकायलाई कुनै औपचारिक जानकारी गराइएको छैन । औपचारिक जानकारी प्राप्त नभएता पनि सरकारले आफ्नो ढंगबाट अध्ययन र छानबिन अगाडि बढाएको छ ।

सरकारले छानविन गरिरहेका राज्य व्यवस्था तथा सुशासन समितिले सरकारसँग छलफल गरेको हो ।

प्रधानमन्त्री प्रचण्डले सुरुमै सरकार एनसेलको शेयर खरिद बिक्रीका सम्बन्धमा गम्भीर रहेको बताए । आफू जलवायु सम्मेलनको क्रममा दुबईमा रहेका बेला एनसेलको शेयर खरिदबिक्रीको विषय सार्वजनिक भएको र नेपाल फर्किए लगत्तै एक्सनमा उत्रिएको बताए ।




'...सरकारलाई सहज नलागेकै हुनाले मैले सुरुमै निर्देशन जारी गरेको हो । सहज छैन, स्वाभाविक छैन यो खरिदबिक्री भन्ने देखिएकै हुनाले नै निर्देशन जारी गर्नु परेको हो' प्रधानमन्त्री प्रचण्डले भने, 'यसमा कहिँ न कहिँ गलत छ भन्ने लागेकै हुनाले छानबिन समिति बनाइएको हो ।'

सरकारले एनसेलको सेयर खरिद बिक्रीबारे अध्ययन गर्न पूर्वमहालेखा परीक्षक टंकमणि शर्माको संयोजकत्वमा उच्चस्तरीय अध्ययन समिति गठन गरेको छ । गत मंसिर २१ गतेको मन्त्रिपरिषद बैठकबाट गठित ५ सदस्यीय अध्ययन तथा छानविन समितिलाई एक महिनाको अवधि दिइएको छ ।

प्रधानमन्त्री प्रचण्डबाट र सूचना प्रविधि मन्त्री शर्माबाट प्रारम्भिक जानकारी लिएपछि सांसदहरुले प्रश्न सोधे । सांसदहरुको प्रश्न र जिज्ञासा ध्यापवूर्वक सुनेका प्रधानमन्त्री प्रचण्डले एक एक गरी प्रयास जवाफ गरे । समिति गठनको औचित्ययताबारे प्रष्ट पार्दै उनले भनेका छन्, 'कर छली र नेपालको स्वामित्वमा आउन नदिने चलखेलको आशंकाले समिति बनाइएको हो ।' छानबिन समितिका कारण नियामक निकायको भूमिकालाई असर नपार्ने प्रधानमन्त्री प्रचण्डको प्रष्टीकरण छ ।

> मेरो श्रीमती बिरामी भएको बेला सिंगापुरमा दुई चोटी गएको छु, म तिनै साथीहरु कहाँ बसेको पनि छु । शेरबहादुर देउवाजी जाँदा पनि बस्नुभएको छ । केपी ओली जाँदा पनि बस्नुभएको छ ।
>
> ■ **प्रचण्ड**, प्रधानमन्त्री

छानबिन समितिका संयोजक शर्मामाथि प्रश्न गर्ने आधार नभएको पनि प्रधानमन्त्री प्रचण्डले बताए । विगतमा एनसेलले तिर्नुपर्ने कर नतिरहेको सम्बन्धमा महालेखाको प्रतिवेदनमा उल्लेख भएको पछि हटाइएको र हटाउने भूमिका शर्माको रहेको भनी उठेको प्रश्नको जवाफ दिँदै प्रधानमन्त्री प्रचण्डले भनेका छन्, ' अस्ति महालेखाले विज्ञप्ती निकालेर महालेखाको प्रतिवेदनमा एनसेलले तिर्नुपर्ने भनी उल्लेख गरेको कर ६० औं प्रतिवेदनको अनुसूचीमा छ ।'

अघिल्लो वर्षको विवरण पछिल्लो वर्षमा सर्दा अनुसूचीमा राख्ने गरिएका कारण हटाएको भनी कतिपयमा पर्न गएको उल्लेख गर्दै उनले संयोजक शर्माको विषयमा आशंका गर्ने आधार नरहेको बताए ।

त्यसपछि प्रधानमन्त्री प्रचण्डले एनसेलको प्रकरणमा »» पृष्ठ २ मा

## मिलेमतो गर्न सूचना संशोधन, सेटिङमा ठेक्का

**धनकृष्ण विक/मध्यान्ह**
बाजुरा, ३ पुस



बाजुराको बुढीनन्दा नगरपालिका-३ को बड्डाला-मालिका-तलिगोठी-नुरी सडक निर्माण योजनाको ठेक्का प्रक्रियामा मिलेमतो गरेको खुलेको छ । बुढीनन्दा नगरपालिकाका जनप्रतिनिधि र कर्मचारीको मिलेमतोमा आफू अनुकुल निर्माण कम्पनीलाई ठेक्का दिन चलखेल गरेको खुलेको हो । यो प्रकरणमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगमा उजुरी समेत परेको छ ।

गत भदौ २६ गते एक दैनिक पत्रिकामा प्रथम पटक प्रकाशित सूचनामा १ लाख २६ हजार २ सय ५० घनमिटर सडक निर्माणको ठेक्का गर्ने भनिए पनि उक्त सडक निमार्णको योजना आफुनिकटको निर्माण कम्पनीलाई पार्न मापडण्द संशोधन गरिएको छ ।

स्रोतका अनुसार, नगरपालिकाका नगर प्रमुख जनककुमार बोहोरा, निमित्त प्रमुख प्रशासकीय अधिकृत सन्तोष शाह र इन्जिनियर अशोक शाहीको मिलेमतोमा प्रक्रिया बिपरीत कागजात संशोधन गरिएको छ । उक्त सडक निमार्णमा काम गर्न कुनै पनि निर्माण कम्पनीले सोही प्रकृतिको योजनामा ५ वर्ष काम गरेको अनुभव चाहिने भनिएको छ ।

तर धुम पुर्णा थापा जेबी कम्पनीको त्यस्तो कामको अनुभव ५ बर्षको नपुगेपछि सुचना संसोधन गर्दै ४ वर्ष कायम गरी पुनःसूचना प्रकाशन गरिएको छ । नगरपालिकाले सूचनामा अनुभवका साथै निर्माण कम्पनीले फिल्ड भिजिट (स्थलगत अनुगमन) को चिठ्ठी हुनुपर्ने समेत भनेको भए पनि फिल्ड भिजिटको चिठ्ठी भने धुम पुर्णा थापा जेबीलाई मात्र दिएको छ ।

> कार्यालय प्रमुख, ईन्जिनियर र लेखापाल रहने तीन जनाको समिति हुन्छ । कसको पर्छ कसको पर्दैन, डकुमन्ट अध्ययनपछि थाहा हुन्छ ।
>
> ■ **सन्तोष शाह**
> **प्रमुख प्रशासकीय अधिकृत**

अन्य निर्माण ब्यबसायीलाई चिठ्ठी नदिएको, पहिले सूचना निकाल्दा एक महिनामा ६ हजार घनमिटर अडिनेरी नर्मल चट्टानमा काम गरेको अनुभव चाहिने भनेपनि पछि संसोधन गरी एक महिनामा ५० हजार ५ सय घनमिटर हिमालयन रिजनमा काम गरेको अनुभवलाई योग्य हुने जस्ता मापडण्ड राखिएको एक वडाध्यक्ष बताए ।

सूचनाको अन्तिम मिति पनि संशोध नगरिएको छ । गएको भदौ २६ गते प्रकाशित ठेक्काको सूचनाको अन्तिम मिति असोज २५ गते राखिएको थियो । तर पछि असोज २९ गतेसम्म पुऱ्याइएको छ ।

करिव ३ करोड १२ लाखको लागतमा निर्माण हुन लागेको उक्त सडक निमार्ण गर्न ठूला निर्माण व्यवसायीलाई प्रतिस्पर्धा गराउन सुचनाको समय करिव ९० दिन हुनुपर्नेमा ६० दिन मात्र राखिएको छ ।

उक्त सडक निर्माण गर्न निर्धारित समयमा ३ वटा कम्पनीले अनलाइन प्रक्रियाबाट आवेदन दिएका थिए । जसमा शिब खिम्ती युनाइटेड साईन जेबी जडिबुटी-३२ काठमाण्डौं, धुम पुर्णा थापा जेवी बढीमालीका-८ बाजुरा र बडिमालिका त्रिशती जेबी विरेन्द्र नगर »» पृष्ठ २ मा

## देउवालाई बिजाएको त्यो ब्यानर

**दिवाकर अधिकारी/मध्यान्ह**
काठमाडौं, ३ पुस ।




नेपाली कांग्रेस अहिले प्रदेश सम्मेलनको दौडाहामा छ । मंगलबार गण्डकी प्रदेश सम्मेलन पोखरामा थिए । प्रमुख अतिथि थिए पार्टी सभापति शेरबहादुर देउवा । पोखरा सभागृहमा हुने सम्मेलनका लागि ब्यानर समेत तम्तयार पारिएको थियो ।

सम्मेलन सुरु हुन लाग्दा देउवाका आँखा ब्यानरमा लेखिएको नारामा गएर अडियो । ब्यानरमा लेखिएको ' भ्रष्टाचारबाट पार्टीलाई बचाऔं' भन्ने नारा भने उनलाई त्यति प्रिय लागेन । देउवाको आँखैमा बिजायो त्यो ।

ब्यानरमा लेखिएको नाराको पुरै लाइन भने यस्तो थियो, ' विरासतको रक्षा गरौं, नेपाली कांग्रेस बचाऔं', र 'इमान भएकाहरुलाई जिम्मेवारीमा राखौं, भ्रष्टाचारबाट पार्टीलाई बचाऔं, कांग्रेस चरित्र पुनःस्थापित गरौं ।'

सम्मेलनमा सहभागि नेताहरुका अनुसार नाराका विषयमा चित्त नबुझाएका देउवा प्रदेश सभापति शुक्रराज शर्मासँग आफ्नो 'सिग्नेचर स्टाइल'मा जंगिएका थिए । ब्यानरको बिषयलाई लिएर उनी विवादमा मात्रै सीमित भएनन्, भ्रष्टाचारबारेको त्यो नारा नै हटाउन निर्देशन दिए ।

देउवाको निर्देशनपछि ब्यानरमा रहेको 'भ्रष्टाचारबाट पार्टीलाई बचाऔं' भन्ने वाक्यमा हरियो टेप टाँसेर सम्मेलन सुरु गरिएको थियो । त्यही कारण सम्मेलन उद्घाटनमा केही ढिलाई समेत भएको थियो । नेताहरुका अनुसार देउवाको आपत्ति ब्यानरमा लेखिएको नारामा मात्रै नभएर त्यसमा आफ्नो तस्बीर नराखिएकोमा पनि थियो ।

'भ्रष्टाचारबाट पार्टीलाई बचाऔं' भन्ने नाराले देउवा किन 'इरिटेड' भए ?

देउवा र कांग्रेसका आन्तरिक राजनीति राम्रोसँग बुझेका नेताहरुका अनुसार यसका केही कारण छन् ।

पहिलो, देउवा सहभागि कार्यक्रममा यो नाराले निरन्तरता पाएको भए त्यसलाई उनले अनुमोदन गरेको अर्थ लाग्थ्यो । त्यो उनले हुन दिएनन् ।

दोस्रो, त्यो नारा राखिराखेको भए पार्टीमा भ्रष्टहरु रहेको र भ्रष्टले पार्टी चलाई रहेको सन्देश जान्थ्यो । यसको सोझो अर्थ, देउवा पनि त्यसमा जिम्मेवार »» पृष्ठ २ मा

**वैदेशिक रोजगार विशेष**

## मंसिरमा मात्रै झण्डै पौने लाख वैदेशिक रोजगारीमा

**मध्यान्ह संवाददाता**
काठमाडौं, ३ पुस

मंसिर महिनामा ७१ हजारभन्दा बढी युवायुवती श्रम स्वीकृति लिएर वैदेशिक रोजगारीमा गएका छन् । वैदेशिक रोजगार विभागले सार्वजनिक गरेको मासिक प्रगति विवरणअनुसार मंसिर महिनामा नयाँ र पुनः श्रम स्वीकृतिमार्फत वैदेशिक रोजगारीमा जानेको संख्या ७१ हजार २ सय ७६ रहेको छ ।

यो संख्या एक महिनामा वैदेशिक रोजगारमा जाने सर्वाधिक ठूलो संख्या हो । गत वर्ष मंसिरमा अहिलेको भन्दा करिब ३ हजार कम ६८ हजार ५ सय ६४ जनाको श्रम स्वीकृति भएको विभागको तथ्यांकमा उल्लेख छ । कात्तिकमा ४३ हजार ६ सय २२ र असोजमा ५६ हजार २ सय ३५ जना वैदेशिक रोजगारीमा गएका थिए ।

मंसिरमा म्यानपावर कम्पनीबाट जाने नयाँ कामदारको संख्या २ हजार ७ सय ६३ महिलासहित २६ हजार ३ सय ७५ रहेको छ । मंसिरमा ७ हजार ९ सय ९७ व्यक्तिगत नयाँ, सरकारीस्तरमा दक्षिण कारिया १ हजार ७ सय ८ जना, पुनः श्रम स्वीकृतिका माध्यमबाट ३५ हजार १ सय ९६ जनाको श्रम स्वीकृति भएको छ ।

मंसिर महिनामा धेरै नेपालीले यूएई गएका छन् । मंसिरमा यूएईमा म्यानपावर कम्पनीमार्फत ८ हजार ८५ जना, पुनः श्रम स्वीकृतिमार्फत ७ हजार ९ सय ९७ र व्यक्तिगत नयाँ २ हजार ४ सय ११ जना गरी समग्रमा १८ हजार ४ सय ९३ जना गएका छन् । »» पृष्ठ २ मा

### निल कमल पुनः शीर्ष स्थानमा

**काठमाडौं/मस–** मंसिर महिनामा ४ सय ८० कामदारको श्रम स्वीकृति लिएको निल कमल ह्युमन रिसोर्स प्रा.लि. गत महिना धेरै कामदार पठाउनेको सूचीमा शीर्ष स्थानमा रहेको छ । यस्तै ४ सय ४० कामदारको श्रम स्वीकृति लिएको एयर किङ्स प्लेसमेन्ट प्रा.लि. दोस्रो स्थानमा रहेको छ ।

**मंसिरमा एक सय बढी कामदार पठाउने म्यानपावर :**
निल कमल ह्युमन रिसोर्स प्रा.लि.- ४८०
एयर किङ्स प्लेसमेन्ट प्रा.लि.- ४४० »» पृष्ठ २ मा

### ओशो रिक्रुटमेन्टका सञ्चालक लक्ष्मण विश्वा पक्राउ

**काठमाडौं/मस–** वैदेशिक रोजगारीका लागि साउदी अरब पठाउने भन्दै ठगी गरेको आरोपमा प्रहरीले ओशो रिक्रुटिङ म्यानपावर प्रा.लि.का सञ्चालक लक्ष्मण विश्वासहित दुई जनालाई पक्राउ गरेको छ । नवलपरासी (पश्चिम) बर्दघाट नगरपालिका ९ घर भइ हाल नयाँ बानेश्वर काठमाडौं बस्ने लक्ष्मण विश्वा र काभ्रेपलाञ्चोकको रोशी गाउँपालिका-१० की ४० वर्षीया सोफी मल्ललाई »» पृष्ठ २ मा



मध्यान्ह
राष्ट्रिय दैनिक
www.madhyanhadaily.com

४ पुस २०८०, बुधबार
20 December 2023, Wednesday

## प्रधानमन्त्रीको...

आफूलाई जोडिएको प्रसंग उठाए । व्यवस्था विरोधीहरुले आफ्नो परिवारको सन्दर्भमा झुटो प्रचार गरेको उनको भनाइ छ ।

'गिरिजा प्रसाद कोइरालाले धमिजा काण्डमा गरेको भन्दा प्रचण्डले ४८० गुणा बढी भ्रष्टाचार गरेको छ भनी म सँग जोडेर प्रचार । त्यो साँचो भएको भए त म बाँच्नै नसक्ने हुन्थ्यो । त्यो झुटो हो भन्ने थाहा भएपछि म ढुक्क छु' प्रधानमन्त्री प्रचण्डले आफूसँग जोडिएर भएको प्रचारको खण्डन गरे ।

साथै परिवारका सदस्यसँग जोडिएर भएको प्रचारको पनि प्रतिवाद गरे ।

'परिवारको सदस्य घट्दै गएर तीन जना रहेका छौं । एउटा भरतपुर महानगरपालिकामा मेयर छ । ऊ उतै बढी इन्गेज हुन्छ । एउटा छोरी छ, बिचरा त्यो कस्ती छ तपाईंहरुले थाहा पाउनुभएकै छ । उसलाई जोडेर बनाएको छ, उचालेको छ, प्रधानमन्त्री प्रचण्डले भने, 'यो वास्तमा संविधान र सिष्टम, गणतन्त्र, लोकतन्त्रविरुद्धको हमला हो ।'

यस्तो बुझाइमा आफू प्रष्ट रहेको उल्लेख गर्दै उनले थपे, 'किनभने, प्रचण्डसँग नराम्रोसँग ह्युमिलेट नगरेसम्म र डिप्रेस नबनाएसम्म यो सिष्टम उल्टिने भएन भन्ने छ एकथरीलाई ।'

आफू र आफ्नो परिवार नजोडिएकोमा प्रष्टीकरण दिँदै प्रधानमन्त्री प्रचण्डले उच्च राजनीतिक र प्रशासनिक नेतृत्वको संलग्नताको आशंका भएको भनी सोधिएका प्रश्नहरुको सम्बोधन गरे ।

त्यसक्रममा प्रधानमन्त्री प्रचण्डले एनसेलको शेयर खरिदकर्ता सतिशलाल आचार्यसँग आफ्नो राम्रै चिनजान रहेको बताए ।

'मलाई थाहा छ सबै कुरा, ती मान्छे, बेलायतमा कम्पनी, के ती मान्छे सबैलाई चिन्छु । मलाई थाहै छैन, म अन्योन छु भन्ने होइन' प्रधानमन्त्री प्रचण्डले भने, 'राम्रो चिन्छु । मेरो श्रीमती बिरामी भएको बेला सिंगापुरमा दुई चोटि गएको छु, म तिनै साथीहरु कहाँ बसेको पनि छु । शेरबहादुर देउवाजी जाँदा पनि बस्नुभएको छ । केपी ओली जाँदा पनि बस्नुभएको छ ।'

शेयर खरिदकर्ता सतिशलालको नाम नलिएरै प्रधानमन्त्री प्रचण्डले आफ्नो कुरा पनि हुने बताए । 'हाम्रो बीचमा कुरा पनि हुन्छ । तर त्यसको अर्थ राष्ट्र र जनताविरुद्ध, ऐन, कानुन र हाम्रो संविधान, सिष्टमकाविरुद्ध कोही जान्छ भने जो सुकै होस भनेर हामी लड्न तयार भएको हो । त्यसकारण मानिंदैन, चिनेजानेको नाताले अनुहार हेरेर मानिंदैन' उनले भने ।

## मिलेमतो...

६ सुर्खेत थियो । धुम पूर्णा कम्पनी नगरपालिकाका ईन्जिनियर अशोक शाहीका आफन्त र मेयर बोहोरा आबद्ध पार्टी निकट व्यक्तिको हो । ईन्जिनियर शाहीले आफुहरुले कुनै पनि सेटिङ र मिलोमतो नगरेको दावी गरे ।

नगरपालिकाका निमित्त प्रमुख प्रशासकीय अधिकृत सन्तोष शाहले पनि प्रक्रिया पुरा गरेर ठेक्का दिइएको बताए । उनले भने 'अहिले फाइल अध्ययन गरिरहेका छौं । कार्यालय प्रमुख, ईन्जिनियर र लेखापाल रहने तीन जनाको समिति हुन्छ । कसको पर्छ कसको पर्दैन, डकुमन्ट अध्ययनपछि थाहा हुन्छ ।'

## देउवालाई...

रहेको अर्थ लाग्थ्यो । अर्कोतर्फ, इतर समूहले आगामी दिनहरुमा पनि यस्तै विषय उठाएर संस्थापन पक्षविरुद्ध गतिविधि गरिराख्थ्यो ।

तेस्रो, संस्थापन खेमाका प्रभावशाली मानिएका नेता बालकृष्ण खाँण हालै मात्र नक्कली भुटानी शरणार्थी प्रकरणमा जेलबाट धरौटीमा छुटेर आएका छन् । देउवाले 'भ्रष्टाचारबाट पार्टीलाई बचाऔं' भन्ने नारा अनुमोदन गरिदिएको भए यसको सिधा असर तीनै खाँणमाथि पर्दथ्यो । उनलाई पार्टीबाट निलम्बन गर्नुपर्ने आवाज चर्को गरि उठ्थ्यो ।

त्यस्तो अवस्थाको सिर्जना होस् भन्ने देउवा कुनै पनि हालतमा चाहँदैन्थेँ । त्यसैले देउवाले हस्तक्षेप गरेर र ब्यानर सच्याउन प्रदेश सभापतिलाई बाध्य पारे ।

सम्मेलन उद्घाटनपछि देउवाले आफ्ना केही भनाइ पनि राखेका थिए । सबै एकतावद्ध भएर पार्टीलाई बहुमतकै पार्टीमा पुर्‍याउनु पर्ने बताएका थिए । 'जसरी भए पनि पार्टीलाई एक गराएर, आपसमा मेलमिलाप र एकता गराएर हाम्रो पार्टीलाई भरसक बहुमतकै पार्टी बनाऔं,' देउवाले भनेका थिए,'नभए पनि सबैभन्दा ठूलो पार्टी बनाउनका लागि हामी अहिलेदेखि नै लागौं, मलाई विश्वास छ भोलिका दिनमा हामी सफल हुनेछौं।'

त्यस्तै सम्मेलनमा केही नेताले संघीयता कार्यान्यवन प्रभावकारी नभएको प्रति समेत असन्तुष्टि जनाएका थिए । 'यो संघीयता संविधानमा लेखेका कारणले मात्र हामीले मानिरहेका छौं कि साँच्चै हामी संघीयतालाई लागू गर्ने पक्षमा छौं?,' आफ्नै नेताहरुप्रति नै प्रश्न उठाउँदै गण्डकी प्रदेशका मुख्यमन्त्री रहेका नेता सुरेन्द्रराज पाण्डेले भने, 'यदि हाम्रो पार्टी संघीयतालाई कार्यान्वयन गर्न दृढतापूर्वक उभिन्छ भने कानुन बनाउन कांग्रेस अग्रसर हुनुपर्छ।'

संघीय सरकार र सांसदहरूकै कारण निजामती, प्रहरी र शिक्षासम्बन्धी कानुन नबनाएको पाण्डेको आरोप थियो । 'संघीय सरकार र सांसदहरूको नालायकीका कारण कानुन बनेको छैन,' उनले भने, 'कानुन नबन्ने अनि सडकमा प्रदेश सरकारले गाली खानुपर्ने? अव यो अवस्थाको अन्त्य हुनुपर्छ।'

दुई दिनसम्म चल्ने प्रदेश सम्मेलनमा राजनीतिक, सांगठनिक, आर्थिक लगायतका प्रतिवेदन प्रस्तुत हुने छ र त्यसमाथि छलफल समेत हुने कार्यक्रम छ ।

## मंसिरमा...

गत वर्ष मंसिरमा १० हजारभन्दा केही बढी नेपाली यूएई गएका थिए ।

मंसिरमा कतार जानेको संख्या दोस्रोमा छ । समग्रमा १४ हजार १५२ जना कतारका लागि श्रम स्वीकृति भएकोमा म्यानपावर कम्पनीबाट २ हजार ९ सय १५ जना गएका छन् । मंसिरमा साउदी अरब तेस्रो स्थानमा छ । समग्रमा १३ हजार ९ सय ८३ जनाले श्रम स्वीकृति लिएको साउदी अरबमा म्यानपावर कम्पनीमार्फत ४ हजार ७ सय ९८ जनाको श्रम स्वीकृति भएको छ ।

मलेसियाका लागि म्यानपावर कम्पनीमार्फत ६ हजार ५ सय ९१ सहित ९ हजार ७ सय ७५ जनाको श्रम स्वीकति भएको छ । मंसिरमा रोमानियामा म्यानपावर कम्पनीमार्फत ३ सय ६१ जना, व्यक्तिगत भिसामा ३ सय २१, क्रोएसियामा म्यानपावर कम्पनीमार्फत ६२ जना र व्यक्तिगत ६ सय २६ जना, ओमानमा म्यानपावर कम्पनीमार्फत ९२ जना, अल्बानियामा व्यक्तिगत भिसामा ६४ जना, अस्ट्रेलियामा ४५ जना, अष्ट्रियामा २ सय १२ जना, बहराइनमा म्यानपावरमार्फत २ सय ८२ जना, ब्रुनाईमा ३३ जनाको श्रम स्वीकृति भएको छ ।

मंसिरमा जापान जानेको संख्या १ हजार ५ सय २८, कुवेतमा ३ हजार ४ सय ५८, युद्धग्रस्त रुसमा ४० र इजरायलमा ८५ जनाको श्रम स्वीकृति भएको विभाको तथ्यांकमा उल्लेख छ । मंसिरमा चीनमा १९ जना, क्यानडामा ४५ जना र अफगानिस्तानका लागि १ सय १३ जनाको श्रम स्वीकृति भएको छ । विभागको तथ्यांकमा साउनदेखि मंसिरसम्म नयाँ तथा पुनः श्रम स्वीकृति गरेर २ लाख ७७ हजार ५ सय ९२ जनाको श्रम स्वीकृति भएको छ ।

## निल कमल...

बेष्ट रिक्रुटमेन्ट सर्भिस प्रा.लि.- ३७२
गल्फ मेनपावर सर्भिसेज प्रा.लि.- ३६६
साउण्डलाइन रिक्रुटमेन्ट प्रा.लि.- ३५२
एसपीएम ओभरसिज प्रा.लि.- ३०३
आकर्षण इन्टरनेशनल प्रा.लि.- ३०१
सपोर्ट ह्युमन रिसोर्स प्रा.लि.- २९८
कतार इन्टरनेशनल मेनपावर प्रा.लि.- २७५
अञ्जली ओभरसिज सर्भिस प्रा.लि.- २५२
एमबि ह्युमन रिसोर्स प्रा.लि.- २४६
इन्टरनेशनल मेनपावर रिक्रुटमेन्ट प्रा.लि.- २४०
जब सिकर मेनपावर प्रा.लि.- २३०
प्याराडाइज इन्टरनेशनल प्रा.लि.- २२६
भिजन एण्ड भ्यालु ओभरसिज प्रा.लि.- २१२
स्टारिस एचआर सर्भिस प्रा.लि.- २१०
सान नेपाल प्रा.लि.- २०५
अल सेक्युर मेनपावर रिक्रुटमेन्ट प्रा.लि.- २०५
एओएस मेनपावर सर्भिस प्रा.लि.- १९७
नाइस रिक्रुटिङ एजेन्सी प्रा.लि.- १९५
एड्भान्स म्यानेजमेन्ट कन्सल्ट प्रा.लि.- १९१
लिंक इन्टरनेशनल प्लेसमेन्ट सर्भिस प्रा.लि.- १८५
शिखर इन्टरनेशनल मेनपावर प्रा.लि.- १८३
पर्फेक्ट रिक्रुटिङ सर्भिस प्रा.लि.- १७३
थ्री ब्रोदर्स ह्युमन रिसोर्स प्रा.लि.- १७१
मास ह्युमन रिसोर्स प्रा.लि.- १७०
लक्की एचआर सोलुसन प्रा.लि.- १६७
शिवाकोटी मेनपावर सर्भिस प्रा.लि.- १६४
अक्सफोर्ड इन्टरनेशनल प्रा.लि.- १६३
दि रिभर ओभरसिज प्रा.लि.- १६०
अल स्कील इन्टरनेशनल ह्युमन रिसोर्स प्रा.लि.- १६०
मदरल्याण्ड ओभरसिज प्रा.लि.- १५७
ओमेगा इन्टरनेशनल प्रा.लि.- १५५
रोटरी ओभरसिज प्रा.लि.- १५०

## ओशो...

प्रहरीले पक्राउ गरेको हो । उनीहरूले ओम बाबु साहलाई वैदेशिक रोजगारीका लागि साउदी अरब पठाइदिन १ लाख २५ हजार रुपैयाँ लाग्ने र साउदी अरब पुगेपछि प्रतिष्ठित कम्पनीमा काम लगाइदिने भन्दै पटक-पटक गरी एक लाख २५ हजार रुपैयाँ लिइ सम्पर्कविहीन भएको प्रहरीले दाबी गरेको छ । उनीहरुलाई थप अनुसन्धान तथा कारबाहीका लागि वैदेशिक रोजगार विभाग ताहाचल पठाइएको छ । पक्राउ परेका विश्वालाई भने रिहा गरिएको छ । इजाजतपत्र प्राप्त वैदेशिक रोजगार व्यवसायीलाई एक्कासी पक्राउ गरिएको प्रति व्यवसायीहरुले आपत्ति जनाएका छन् ।

# धार्चेको माछिखोला बजार सीसी क्यामेराबाट निगरानी

**गोरखा/मस–** उत्तरी गोरखाको धार्चे गाउँपालिकाको सदरमुकाम रहेको माछिखोला बजारलालाई सीसी क्यामेरामार्फत निगरानी गर्न थालिएको छ ।

गाउँपालिकाको केन्द्र रहेको माछिखोला बजारमा शुक्रबारदेखि सीसी क्यामेरा जडान गरी निगरानी गर्न थालिएको गाउँपालिकाका अध्यक्ष लक्ष्मण गुरुङले जानकारी दिए । 'माछिखोलामा बजार क्षेत्र विस्तारसँगै सुरक्षाको चुनौती बढेकाले बजारमा सीसी क्यामेरा जडान गरिएको छ,' उनले भने, 'थोरै सुरक्षाकर्मी रहेकाले बजारलाई सुरक्षित राख्न माछिखोला बजारसहित आसपासका सात ठाउँमा सिसीक्यामेरा जडान गरिएको छ ।' अहिले जडान गरिएका क्षेत्रबाहेक आवश्यकताअनुसार अझै बजार क्षेत्रमा क्यामेरा थप गर्दै लैजाने अध्यक्ष गुरुङले जानकारी दिए ।

अहिले बसपार्क क्षेत्रमा दुई वटा, रेसेखोला क्षेत्र, जनजागृति स्कुल तथा सो क्षेत्रमा रहेको बजारसमेटिने गरी तीनवटा क्यामेरा जडान गरिएको छ । त्यस्तै गाउँपालिका भवन क्षेत्रको उत्तर दक्षिण बजार समेट्ने गरी दुई र तल्लो बजार क्षेत्रमा एउटाका साथै पालिका कार्यालयभित्र थप चार वटा क्यामेरा जडान गरिएको छ । जडान गरिएका सिसी क्यामेरा रातको समयमासमेत स्पस्ट देख्न सकिने क्षमताको रहेको गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत काजीमान सुनारले बताए ।

**लुम्बिनी प्रदेश सरकार**
**वन तथा वातावरण, मन्त्रालय**
**बन निर्देशनालय**
**डिभिजन बन कार्यालय, रुकुम (पूर्व)**

## दाँते ओखरका कलमी विरुवा खरिदका लागि बोलपत्र आव्हानको विस्तृत सूचना

**प्रथम पटक प्रकाशित मिति : २०८०/०९/०४**
**सूचना नं. १/२०८०/०८१**

यस कार्यालयको आ.व. २०८०/०८१ को वार्षिक स्वीकृत जडिबुटी तथा गैरकाष्ठ विकास कार्यक्रम अन्तर्गत उच्च पहाडी क्षेत्रमा ओखर विकास कार्यक्रमको लागी तपसील बमोजिमका दाँते ओखरका कलमी बिरुवाहरु खरिद गर्नुपर्ने भएकोले प्रति गोटा के कति मुल्यमा उपलब्ध गराउन सक्ने हो सो उल्लेख गरी इच्छुक फर्म, कम्पनी, संस्था र आपूर्तिकर्ताहरुले तोकिएको शर्तहरुका अधिनमा रही सिलबन्दी बोलपत्र दर्ता गराउनु हुन यो सूचना प्रकाशन गरिएको छ । (विस्तृत जानकारीको लागी कार्यालयमा सम्पर्क राख्न सकिनेछ । सम्पर्क नं. ९८५८४८१०४७ / ९८५७८२००१८)

**तपसिल**

| ठेक्का नम्वर | कार्यक्रमको नाम | विरुवा संख्या | अधिकतम लागत मुल्य रु | बोलपत्रको जमानत रकम रु | बोलपत्रपत्र दस्तुर रु | कैफियत |
|---|---|---|---|---|---|---|
| १/२०८०/०८१ | दाँते ओखर कलमी विरुवा खरिद | ५,००० गोटा (पाँच हजार) | २५,००,०००/- | ७५,०००/- | ३०००/- | |

**शर्तहहरु:**

१) बोलपत्र खरिद गर्न इच्छुक फर्म, कम्पनी, संस्था र आपूर्तिकर्ताहरुले बोलपत्र खरीद गर्न दिएको निवेदनको साथमा नेपाली नागरीकताको प्रमाणपत्र, फर्म दर्ता प्रमाण पत्र, फर्म नविकरण भएको प्रमाणपत्र, कर चुक्ता प्रमाण र मूल्य अभिबृद्धि कर दर्ता प्रमाणपत्रको प्रतिलिपी वा स्थायी लेखा नम्वर (PAN) दर्ता प्रमाणपत्रको प्रतिलिपी पेश गर्नुपर्ने छ ।
२) सौर्य राष्ट्रिय दैनिकमा प्रथम पटक २०८०/०८/०४ गते प्रकाशन भएको मितिले ३० औं दिनसम्म यस कार्यालय वा जिल्ला प्रशासन कार्यालय रुकुम पूर्व, कोष तथा लेखा नियन्त्रण कार्यालय रुकुम पूर्वबाट रु. ३०००/- (तीन हजार मात्र) (फिर्ता नहुने गरी) (को.ले.नि.का. रुकुम पूर्वको नेपाल बैंक लिमिटेड रुकुमकोटको राजश्व खाता नं. २७४०२००००१००१००००१, कार्यालय कोड नं. ३२९०१५३०१५ राजश्व शिर्षक नं. १४२२९ मा जम्मा गरेको सक्कल भौचर पेश गरी बोलपत्र खरिद गरी ३१ औं दिन दिनको १२.०० वजेभित्र यस कार्यालयमा सिलबन्दी बोलपत्र दर्ता गराउनु पर्नेछ ।
३) जसको नाममा बिक्री भएको बोलपत्र फारम हो उसैको नामबाट दाखिला गर्नुपर्नेछ ।
४) बोलपत्र जमानत धरौटी रकम रु. ७५,०००/- नेपाल बैंक लिमिटेड, रुकुमकोट शाखामा रहेको को.ले.नि.का. को खाता नं. १८९०२००००२००३००००१ (ख २.३ प्रदेश धरौटी खाता), मा जम्मा गरी सो को सक्कल भौचर वा यस कार्यालयको नाममा जारी भएको कम्तिमा ९० (नब्बे) दिन म्याद कायम रहेको रितपूर्वकको नेपाल राष्ट्र बैंकबाट 'क' वर्गको ईजाजत प्राप्त बैंकको बैक ग्यारेन्टी समाबेश हुनु पर्नेछ ।
५) म्याद नाघी वा रित नपुगी पेश हुन आएको बोलपत्र उपर कुनै कारवाही गरीने छैन ।
६) बोलपत्र सिलबन्दी गरेपछी खामको बाहिर ठेक्का नं. र कार्यक्रमको नाम अनिवार्य उल्लेख गर्नुपर्नेछ ।
७) बोलपत्रमा सकार रकम, अंक र अक्षर दुवैमा लेख्नुपर्ने छ । अंक र अक्षर फरक परेमा अक्षरलाई मान्यता दिईने छ ।
८) ओखर कलमी बिरुवाहरु आपूर्ती गर्दा बोलपत्र फारमसाथ उपलब्ध गराईएको Technical Specification बमोजिमको हुनुपर्नेछ ।
९) तोकिएको स्थानमा बिरुवा आपुर्ति भएपछी क्षति नपुगेको स्वस्थकर बिरुवा गणना गरेर मात्र खरिद गरिने छ । ढुवानीको क्रममा पुगेको क्षति कार्यालयले ब्यहोर्ने छैन ।
१०) यसरी दर्ता हुन आएको बोलपत्र ३१ औं दिन दिनको २:०० वजे सरोकारवालाहरुको रोहवरमा खोलिनेछ ।
११) उल्लेखित शर्तहरु बाहेकका अन्य कुराहरुको हकमा प्रचलित कानून अनुसार हुनेछ ।

**नेपाल सरकार**
**उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय**
**कम्पनी रजिष्ट्रारको कार्यालयको**

**कम्पनीको दर्ता खारेज गरिएको सूचना**

यस कार्यालयमा मिति २०७७/०९/१४ मा दर्ता भएको **प्रा.लि.नं. २५१४१६** को **वन एन्ड वनली फेशन हाउस प्रा.लि.** नामक कम्पनी यस कार्यालयको मिति २०८०/०९/०२ को निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा १३६ को उपदफा (१) बमोजिम दर्ता खारेजी गरिएको सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**अनुसूची–१५**
**(दफा ३३ को उप–दफा (२) सँग सम्बन्धित)**

**काठ/दाउरा बोलपत्रद्धारा लिलाम विक्रीको सूचना**

**प्रथम पटक सूचना प्रकाशन मिति : २०८०/०९/०४**

**श्री सृजनशिल लालीगुराँस सामुदायिक वन उपभोक्ता समुह, चौकुने–०१ सुर्खेत**को सामुदायिक वनबाट आ.व. ०८०/०८१ मा उत्पादन भई समुहको स्वीकृत कार्ययोजना अनुसार उत्पादन भएर घाटगद्दीमा राखिएको साल जातको गोलिया थान ४८ को १५६२.३९ क्यु.फि. काठ जे जस्तो अवस्थामा छ सोही अवस्थामा आफ्नै खर्चमा घाटगद्दीबाट उठाई लैजानुपर्ने गरी लिलाम विक्री गर्नुपर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ । इच्छुक व्यक्ति, संघ संस्था, फर्म वा कम्पनीले यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले २१(एक्काइस) दिनभित्र सिलबन्दी बोलपत्र दाखिला गर्न आब्हान गरिन्छ । यस सम्बन्धी विस्तृत जानकारीको लागि यस सामुदायिक वन उपभोक्ता समुहको कार्यालयमा सम्पर्क राख्न सकिनेछ । पूर्ण व्यहोराको सूचना यस सामुदायिक वन उपभोक्ता समुहको कार्यालय र डि.व.का. भेरी सुर्खेतको सूचना पाँटीमा टाँस गरिएको छ ।

**श्री सृजनशिल लालीगुराँस सामुदायिक वन उपभोक्ता समुह,**
**चौकुने–०१, सुर्खेत**


# साउदीमा वैदेशिक रोजगारको अवसर

**कम्पनी: ANSAB GENERAL CONTRACTING CO.** — **शहर: Dammam**
**पूर्व स्वीकृत मिति: २०८०/०९/०३** — चलानी नं.: ६०२११७३१ — L.T. No.: 296697

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Construction Worker | 30 | 0 | स. काममा दक्ष | 1000 | ३५,३५० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**२. कम्पनी: HUSSEIN NAJI AL-MUTLAQ AND PARTNER COMPANY FOR GENERAL CONTRACTING**
**पूर्व स्वीकृत मिति: २०८०/०९/०३** — चलानी नं.: ६०२११७३३ — L.T. No.: 296698

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Heavy Equipment Driver | 1 | 0 | स. काममा दक्ष | 2100 | ७४,२३५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा मिति २०८० पुष ११ गते (27 December 2023) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | कामदारले ब्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | कामदारले ब्यहोर्ने | रु. ७००/– कामदारले तिर्ने | रु. १,५००/– कामदारले तिर्ने | रु. १०,०००/– कामदारले तिर्ने |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :– १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नः हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहचलमा सम्पर्क गर्नु होला ।

**अन्नपूर्ण इन्टरनेशनल सर्भिसेज प्रा. लि.**
पि.ओ.बक्स: ११११, सिनामंगल-९, काठमाडौं, नेपाल, (एयरपोर्ट नजिक), फोन: ०१-४५६६७३३, ०१-४५८५७३० मो: ९८५१०३०८०६
Fax No: 01-4566955, Email: cv.annapurna@gmail.com, Url: www.aisp.com.np
**Right People For Right Job At The Right Time**


# Dilasaini Rural Municipality
## Office of the Rural Municipal Executive
**Dilasaini, Baitadi**
**Sudur Pashchim Province, Nepal**

## Invitation for E-Bids

**Procurement for construction of Widening and strengthening of Deujhadi-Sera-Nagarau- Dhamigaun Road**

**TENDER NOTICE NO. : DRM/BTD/WORKS/NCB/01-2080-081**

**FIRST DATE OF PUBLICATION: - 2080-09-04 BS (2023-12-20)AD**

| S N | Contract No | Description of Works | Estimated Amount (Esclusive of Ps, contingency & VAT) | Bid Security Amount (NRs) | Bid Document Price (NRs) |
|---|---|---|---|---|---|
| 1 | DRM/BTD/ WORKS/ NCB/01-2080-081 | Procurement for **Widening and strengthening of Deujhadi-Sera-Nagarau-Dhamigaun Road** | 1,69,14,174.47 | 4,23,000/- | 3,000/- |

1. **Dilasaini Rural Municipality, Office of Muncipal Executive** invites electronic bids from eligible bidders for Works under National Competitive Bidding procedure. Only eligible bidders as per clause 42(2) of PPR 2064 should participate in this biddin
2. A complete set of Bidding Documents can be inspected by visiting the PPMo website www.bolpatra.gov.np.egp

**(Chief Administrative Officer)**

# काठमाडौंकै तीन पालिकामा कार्यान्वयन भएन स्वास्थ्य बीमा कार्यक्रम

**काठमाडौं /मस–** देशभरि कार्यान्वयनमा आएको स्वास्थ्य बीमा कार्यक्रम काठमाडौं जिल्लाका तीन पालिकामा अझै शुरु भएको छैन ।

काठमाडौं महानगरपालिका, बूढानीलकण्ठ नगरपालिका र नागार्जुन नगरपालिकामा बीमा कार्यक्रम अझै शुरु भएको छैन । ललितपुर महानगरमा प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'ले सोमबार बीमा कार्यक्रमको सुरुवात गरेका हुन् ।

सबै नागरिकलाई सर्वसुलभ गुणस्तरीय स्वास्थ्य सेवा प्रदान गर्न र स्वास्थ्य सेवा उपभोगमा सुधार ल्याउनका लागि २०७२ सालदेखि बीमा कार्यक्रम कार्यान्वयनमा आएको थियो ।

बोर्डका सूचना अधिकारी ओमकुमारी कँडेलले तीन स्थानीय तहको प्रथम सेवा विन्दुको निक्यौंल नभएकाले लागू गर्न समस्या भइरहेको छ। 'उपत्यकाका ठूला केन्द्रीय अस्पतालमा रिफर गरेर आएका बिरामीको चाप रहेको छ, ती अस्पताललाई प्रथम सेवा विन्दु गराउन सकिँदैन,' उनले भने, 'ती तीन स्थानीय तहले चाँडै नै प्रथम सेवा विन्दु निक्यौंल गर्न लागिरहनुभएको छ । ती निक्यौंल भएपछि लागू हुन्छ ।'

वीर अस्पताल, त्रिवि शिक्षण अस्पताल, पाटन स्वास्थ्य विज्ञान प्रतिष्ठान, शुक्रराज ट्रपिकल अस्पताल, निजामती कर्मचारी अस्पतालमा प्रथम सेवा विन्दुबाट रिफर गरेर आएका बिरामीको चाप रहेकाले ती अस्पतालले तीनवटा स्थानीय तहको प्रथम सेवा विन्दु मान्न तयार नभएको उनको भनाइ छ ।

काठमाडौं महानगर पालिकाका स्वास्थ्य विभाग प्रमुख रामप्रसाद पौडेलले चाँडै नै महानगरले बीमा कार्यक्रम लागू गर्नका लागि स्वास्थ्य बीमा बोर्डसँग सम्झौताको तयारी गरेको जानकारी दिए। उनले वडा कार्यालयमा रहेका सहरी स्वास्थ्य प्रवर्द्धन केन्द्रलाई प्रथम सेवा विन्दुका रूपमा रहने जानकारी दिए ।

'हामीले वडामा रहेकामा सहरी स्वास्थ्य प्रवर्द्धन केन्द्रलाई प्रथम सेवा विन्दु मानेर बीमितको उपचार गर्ने तयारीमा रहेको छौं,' उनले भने, 'सबै तयारी पूरा भइसकेको छ । अब हामी बोर्डसँग यसै हप्ता सम्झौता गर्छौं ।'




उनका अनुसार ३२ वडामध्ये २४ वडामा रहेका सहरी स्वास्थ्य प्रवर्द्धन केन्द्र उपकरण र जनशक्तिको सबै तयारी पूरा गरिसकेको र अन्य वडामा पनि तयारी सुरुआत गरिएको छ। बोर्डमा हालसम्म ७४ लाख बीमित भइसके पनि करिब ४७ लाखमात्र सक्रिय रहेका छन् । २०७२ चैत २५ गते गुणस्तरीय स्वास्थ्य सेवालाई जनस्तरसम्म पुऱ्याउनका लागि स्वास्थ्य बीमा बोर्ड स्थापना गरिएको थियो। अहिले ७७ जिल्लामा लागू गरिएको स्वास्थ्य बीमा बोर्डले एक लाखसम्म बीमित परिवारले निःशुल्क उपचार सेवा पाउनेछन् । एकदेखि पाँचजनासम्म परिवारले प्रत्येक वर्ष बीमितबापत तीन हजार पाँच सय रुपैयाँ र पाँचजनाभन्दा बढी भएको खण्डमा प्रत्येक एकजना बराबर थप सात सय रुपैयाँ थप्नुपर्ने छ ।

## आन्दोलनमा उखु किसान

**सर्लाही /मस–** चालु यामका लागि उखुको मूल्य निर्धारण र गतवर्ष बिक्री गरेको उखुको अनुदान बापतको रकम भुक्तानीको माग राख्दै सर्लाहीका उखु किसान आन्दोलित भएका छन् ।

गतवर्ष उखु बिक्री गरेबापत राज्यले दिनुपर्ने प्रति क्विन्टल ७० रुपैयाँमध्ये हालसम्म प्रति क्विन्टल २१ रुपैयाँ मात्रै भुक्तानी भएको र बाँकी प्रति क्विन्टल ४९ रुपैयाँ अनुदान बापतको रकम एथाशीघ्र भुक्तानी गर्नुपर्ने उनीहरूको माग छ ।

साथै चालु यामको लागि उखुको मूल्यप्रति क्विन्टल सात सय ५० रुपैयाँ कायम गराउनुपर्ने उनीहरूको भनाइ रहेको छ । मिलगेट उखु उत्पादक समिति सर्लाहीका अध्यक्ष राजकुमार उप्रेतीले उखुका हरिया लाथ्रा प्रदर्शन गरेर गत शनिबारदेखि आन्दोलनका कार्यक्रम जारी रहेको जानकारी दिए । उनका अनुसार चालु यामका लागि उखुको मूल्य सात सय ५० रुपैयाँ तत्काल तोक्नुपर्ने र गत वर्षको अनुदान बापतको प्रति क्विन्टल ७० रुपैयाँ मध्ये हालसम्म पनि भुक्तानी हुनबाँकी रहेको प्रति क्विन्टल ४९ रुपैयाँका दरले ५२ करोड रकम तत्काल भुक्तानी गर्नुपर्ने लगायतका माग किसानको छ ।

## मालवाहक सवारीको भारमापन

**काभ्रेपलाञ्चोक /मस–**अरनिको, बिपी र हेलम्बु राजमार्गबाट सङ्घीय राजधानी काठमाडौं लगायत जिल्लामा गुड्ने मालवाहक सवारीको काभ्रेपलाञ्चोकमा भारमापन कार्य शुरु गरिएको छ । तीन राजमार्गअन्तर्गत जिल्लाको पाँचखाल नगरपालिकास्थित केराघारी, पनौती नगरको नैकिन्टार र नमोबुद्ध नगरको भकुण्डेमा भारमापनका लागि विसं २०७८ पुसमा तौल-पुल स्थापना गरिएको थियो। यसअघि गत वैशाख पहिला साता गृह मन्त्रालयले काभ्रेपलाञ्चोक प्रशासनलाई जिल्लाका तीन स्थानमा स्थापित भारमापन केन्द्र (तौलपुल) सञ्चालनमा ल्याउन पुनःपरिपत्र गरी अनिवार्य भारमापन गर्ने निर्देशन दिएपछि मालवाहक सवारीका व्यवसायीले विरोधस्वरुप एक हप्ता निर्माण सामग्री ढुवानी ठप्प पारेका थिए । मालवाहक सवारी ठप्प गराएपछि काभ्रेपलाञ्चोक प्रशासन र व्यवसायीबीच भएको छलफल निष्कर्षविहीन हुँदा पूर्ववत् अवस्थामा सञ्चालन हुँदै आएका थिए ।


# Urgently Required

One of the leading manpower agencies in Nepal requires following posts on an urgent basis.

**Documentation Officer**(Male/Female) **2 Nos.**

**Public Relation Officer (PRO)**(Male/Female) **2 Nos.**

❖ Applicant must have two year minimum of experience in related field.

***Salary is Negotiable***

**Share us your cv at**

**careers@thinkbiz.com.np or Call us at 01 -5914635 for further inquiry**



### हिमाली हाइड्रो फण्ड लि.

मध्ये बानेश्वर, का.म.न.पा.–३१, काठमाडौं,
फोन नं.:४१०९१५६

**दोश्रो बार्षिक साधारण सभा बस्ने बारे अत्यन्त जरुरी सूचना**

दोस्रो पटक सूचना प्रकाशित मितिः २०८० पुस ४ गते

मिति २०८०/०८/२२ गते बसेको संचालक समितिको बैठकको निर्णय अनुसार यस कम्पनीको आ.व. २०७९/८० को दोश्रो बार्षिक साधारण सभा देहायको मिति, समय र स्थानमा देहायका बिषयमा छलफल गर्न बस्ने भएकाले यसै सूचनालाई आधार मानी उक्त साधारण सभामा उपस्थित भई सक्रिय सहभागिता जनाइ दिनु हुन सम्पूर्ण शेयरधनी महानुभावहरुलाई अनुरोध गरिन्छ। साधारणसभामा उपस्थित हुन नसक्ने शेयरधनी महानुभावहरुले यस पूर्व ठेगानामा पठाइएको पत्रसाथ संलग्न प्रतिनिधि (प्रोक्सी) नियुक्ति फारम भरि यथासिघ्र उपलब्ध गरिदिनुहुन समेत सादर अनुरोध गरिन्छ ।

**दोश्रो बार्षिक साधारण सभा हुने**:
मितिः २०८० पौष २५ गते, बुधबार,
समय : बिहान १०:०० बजे,
स्थान : कम्पनीको रजिस्टर्ड कार्यालय, का.म.न.पा.–३१, काठमाडौं

**दोश्रो बार्षिक साधारण सभामा छलफल हुने बिषयहरु :**

१. सञ्चालक समितिको तर्फबाट अध्यक्षज्यूको वार्षिक प्रतिवेदन माथि छलफल तथा आ.व. २०७९/८० को लेखापरिक्षण प्रतिवेदन माथि छलफल तथा पारित गर्ने सम्बन्धमा,
२. आ.व. २०८०/८१ को लेखापरिक्षकको नियुक्ति तथा पारिश्रमिक सम्बन्धमा,
३. सञ्चालकहरुको पारिश्रमिक तथा सेवा सुविधा सम्बन्धमा,
४. विविध ।

संचालक समितिको आज्ञाले
कम्पनी सचिव


### भरतपुर महानगरपालिका
### नगर कार्यपालिकाको कार्यालय
भरतपुर, चितवन, नेपाल

**प्राङ्गारिक खेति गर्ने कृषकहरुलाई प्राङ्गारिक मलमा सहयोग कार्यक्रमको लागि छनौट भएका लाभग्राहीहरुले सम्झौता गर्न आउने सम्बन्धमा**

उपरोक्त विषयमा भरतपुर महानगरपालिका कृषि तथा पशुपंक्षी व्यवसाय प्रवर्द्धन शाखाको मिति २०८०/०५/२५ गते प्रकाशन गरिएको प्राङ्गारिक खेति गर्ने कृषकहरुलाई प्राङ्गारिक मलमा सहयोग कार्यक्रमको सूचनाबाट प्राप्त निवेदन अनुसार मिति २०८०/०८/१० गते बसेको मुल्याङ्कन समितिको बैठक निर्णय अनुसार तपशिल अनुसारका प्राङ्गारिक खेति गर्ने कृषकहरु छनौट भएकाले यथासिघ्र कृषि तथा पशुपंक्षी व्यवसाय प्रवर्द्धन शाखामा सम्पर्क राखी सम्झौता गर्न आउनका लागि सूचना प्रकाशन गरिएको छ ।

| सि.नं. | कृषकको नाम | ठेगाना | सि.नं. | कृषकको नाम | ठेगाना |
|---|---|---|---|---|---|
| १. | दिलिप सिंह गुरुङ | ६ | १२. | अनिल कुमार गुरुङ्ग | १५ |
| २. | मोहन सिंह गुरुङ | ६ | १३. | ज्ञानेन्द्र अधिकारी | १५ |
| ३. | शम्भु प्रसाद सुवेदी | ७ | १४. | काशीनाथ अधिकारी | १५ |
| ४. | माधव राज पाण्डेय | १४ | १५. | कृष्ण प्रसाद दवाडी | १५ |
| ५. | खिलानाथ न्यौपाने | १५ | १६. | दिपक न्यौपाने | १५ |
| ६. | समन्त राज सुवेदी | १५ | १७. | अमृत घले | १५ |
| ७. | स्नेह लता न्यौपाने | १५ | १८. | विष्णु कुमारी शर्मा | १५ |
| ८. | बाल कुमारी अधिकारी | १५ | १९. | रमा ढुङ्गाना | १६ |
| ९. | उर्मीला रावत | १५ | २०. | राजकुमार तमाङ | २३ |
| १०. | चन्द्र प्रसाद अधिकारी | १५ | २१. | छविलाल न्यौपाने | २५ |
| ११. | अनन्त प्रकाश सुवेदी | १५ | २२. | डण्ड पाणी काफ्ले | २७ |

महाशाखा प्रमुख


# साउदीमा रोजगार | कम्पनी : Lemon Paper Restaurant for serving meals
शहरः RIYADH

पूर्व स्वीकृत मितिः २०८०/०९/०३ चलानी नं.: ६०२११७०० LT. No.: 296699

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Cook | 1 | 0 | स. काममा दक्ष | 1400 | ४९,४९० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८० पौष ११ गते (27 December 2023) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदारले तिर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रु. २००२/– कामदारले तिर्ने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/– कामदारले तिर्ने | रु. १,५००/– कामदारले तिर्ने | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :– १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

# Gulf Asia Manpower Pvt. Ltd.

Govt. Lic. No. 1278/074/075

Battisputali, Gaushala-09, Kathmandu, Nepal, Hotline.:+977 9802340340 | 9802340341
Email : admin@gulfasia.com.np web:www.gulfasia.com.np | Damak Branch: 9801615255


### शंखरापुर नगरपालिका
### नगर कार्यपालिकाको कार्यालय
साँखु, काठमाण्डौ
बागमती प्रदेश, नेपाल

**बोलपत्र स्वीकृत गर्ने आशयको सूचना**

(प्रथम पटक प्रकाशित मितिः २०८०/०९/०४)

यस कार्यालयबाट तपशिलमा उल्लेखित योजना निर्माणको लागि बोलपत्र आव्हान सम्वन्धी सूचना अनुसार अन्तिम म्यादभित्र पर्न आएको बोलपत्रहरुको प्रस्ताव मध्ये न्यूनतम मूल्याङ्कित सारभूतरुपमा प्रभावग्राही ठहर भई स्वीकृत गरिने भएकोले सार्वजनिक खरीद ऐन २०६३ को दफा २७ (२) को प्रयोजनार्थ सम्बन्धित सबै सरोकारवालाहरुको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ।

| सि.नं. | योजनाको नाम | ठेक्का नं. | न्युन्तम मुल्याङ्कित बोलपत्रदाताको नाम | कबोल अंक रू. (भ्याट र पि.एस बाहेक) |
|---|---|---|---|---|
| 1 | Upgrading Of Krishna Bhakta Marga (Asphalt Concreting Works) | SMO/80-81/17 | Manichud Builders, Shankharapur Municipality-02, Kathmandu | 1,20,35,971.61/- |
| 2 | Upgrading Of Fedi Transmitter Mewathali Sadak | SMO/80-81/18 | Shree Mata Saraswati Nirman Sewa, Shankharapur Municipality-02, Kathmandu | 11,66,899.6/- |
| 3 | Upgrading Of Manedanda Pingdanda Manichud Sadak | SMO/80-81/19 | Manichud Nirman Sewa, Lapsifedi Kathmandu | 34,47,639.6/- |
| 4 | Manedanda Park | SMO/80-81/20 | B.D Janmabhumi Construction and Suppliers, Shankharapur-02, Kathmandu | 15,18,977.5/- |
| 5 | Upgrading Of Deurali Schooldanda Patap Sadak | SMO/80-81/21 | Dhana and Sons Construction Pvt Ltd, Chabahil, Kathmandu | 71,80,230/- |

प्रमुख प्रशासकीय अधिकृत

# Deumai Municipality
## Office of the Municipal Executive
**Mangalbare, Ilam**
**Koshi Province**

## Invitation for e-Bids

**First Date of Publication: 2080/09/04 (20th Dec, 2023),10:00**
**Last Deadline for Submission bid document: 2080/10/05 (19th Jan, 2024), 12:00**
**Bid Opening Date: 2080/10/05 (19th Jan, 2024), 13:00**

1. Deumai Municipality, Office of the Municipal Executive, Mangalbare, Ilam invites NCB from eligible domestic bidders for the Contracts named below:

| S.N | Contract Identification Number | Work Description/ Name of Project | Estimated amount (With VAT & PS) NRs. | Bid Security amount (NRs.) | Bid Purchasing Fees (NRs.) | Bid Security validity period |
|---|---|---|---|---|---|---|
| 1 | 03/DM/NCB/ WORKS/2080-81 | Upgradation of Mildanda-Jatteshwor tourism road and Jatteshwor tourism Infrastructure | 1,72,13,272.68 | 4,50,000 | 3000 | 90 days |
| 2 | 04/DM/NCB/ WORKS/2080-81 | Construction of Bhanubhakta Ma.Vi School Building | 54,86,192.80 | 1,40,000 | 3000 | 90 days |

2. Eligible Bidders may obtain further information at PPMO e-GP System **www.bolpatra.gov.np/egp**

3. Bidders have only option to submit their bid electronically may download the bidding documents for e-submission from PPMO's Web Site **www.bolpata.gov.np/egp**. Bidders, submitting their bid electronically, should deposit the cost of bidding document stated in the above table in the Offices Rajaswa (revenue) account as specified below and the scanned copy (pdf format) of the Bank deposit voucher shall be uploaded by the bidder at the time of electronic submission of the bids. Information to deposit the cost of bidding document in Bank:

| | | |
|---|---|---|
| **Name of Bank** | : | **Agricultural Development Bank, Mangalbare, Ilam** |
| **Name of Office** | : | **Deumai Municipality, Mangalbare, Ilam** |
| **Revenue (Rajaswa) Account No.** | : | **0601101151603120** |

4. Electronic bids must be submitted to Deumai Municipality, Office of the Municipal Executive, Mangalbare, Ilam through PPMO website **www.bolpatra.gov.np/egp**. On or before **2080/10/05 (19th Jan, 2024), 12:00.**

5. Electronic bids will be opened in the presence of Bidder's representatives who choose to attend at **2080/10/05 (19th Jan, 2024), 13:00** at Deumai Municipality, Office of the Municipal Executive, Mangalabre, Ilam. If the last date of purchasing and/ or submission falls on a government holiday, then the next working day shall be as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission. If bidder wishes to submit the Bid Security in the form of cash, bidder has to deposit cash in Deposit Account No.:0601101151603041, Deumai Municipality, Ilam Name of Bank: **Agricultural Development Bank, Mangalbare Branch,** and submit Bank deposit voucher along with the bid.

6. The Employer reserves the right to accept or reject, wholly or partly any or all the bids without assigning any reason, whatsoever.

7. Matters not covered in this tender notice shall be in accordance with public procurement act, 2063 and public procurement regulations, 2064 and other prevailing rules and regulations of Nepal

**Chief Administrative Officer**

मध्यान्ह
www.madhyanhadaily.com
४ पुस २०८०, बुधबार
20 December 2023, Wednesday

सम्पादकीय

## देउवाले नछोडेको परम्परागत शैली

नेपाली कांग्रेस गण्डकी प्रदेशको प्रथम सम्मेलन उद्घाटनका क्रममा रोचक दृष्य देखियो, जसले राजनीतिक वृत्तमा राम्रै चर्चा पायो । प्रशंग ब्यानरमा लेखिएको शब्द थियो । प्रदेश सभापति शुक्रराज शर्माले ब्यानरमा 'इमान भएकाहरूलाई जिम्मेवारीमा राखौं, भ्रष्टाचारबाट पार्टीलाई बचाऔं, कांग्रेसी चरित्र पुनर्स्थापित गरौं' भन्ने नारा लेखिएको थियो । यो ब्यानर र त्यसमा लेखिएको शब्द झट्ट सुन्दा राम्रै र सिर्जनात्मक नै लाग्छ । तर सभापति शेरबहादुर देउवाले 'भ्रष्टाचारबाट पार्टीलाई बचाऔं' भन्ने शब्दले बिजायो र आपत्ति जनाए । नेताहरूका अनुसार, प्रदेश सभापति शर्मासँग केन्द्रीय सभापति देउवाले भनाभन नै गरे । अन्ततः उक्त शब्दलाई छोपेर प्रदेश सम्मेलन उद्घाटन भयो । नेताहरूले आफ्नो कुरा राखे ।

उमेरले ७७ वर्ष पुगेका देउवा बेलाबेला रोचक रूपमा प्रस्तुत हुन नौलो विषय चाहिँ होइन । पार्टीभित्र र नेताहरूसँग उनका शैलीले रोचक रूप लिने गरेको छ । मञ्चबाटै नेताहरूलाई थर्काउनु, आकांक्षी अभिव्यक्ति नबोल्न र पार्टी कार्यक्रमबारे देउवाले दिने कारण प्रायजसो रोचक हुनेगर्छ । मंगलबार पोखरामा पनि गण्डकी प्रदेश सम्मेलनमा देउवाले भ्रष्टाचारबारे ब्यानरमा लेख्न चाहेनन्, त्यसैले आफ्नै कार्यकर्तासँग भनाभनमा उत्रिए । भ्रष्टाचारबाट पार्टीलाई जोगाउनुपर्ने सन्देशको अर्थ सायद देउवाले सम्झिए होलान् । भर्खरै अदालतको आदेशबाट धरौटीमा छुटेका विश्वासपात्र बालकृष्ण खाँण अनि बारम्बार आलोचित हुने गरेकी पत्नी आरजु राणा पनि सम्झिए होलान् । भलै खाँण र आरजुको प्रशंग कल्पनाको विषय भयो । तर सभापति देउवाले पार्टीभित्र भ्रष्टाचार छ भन्ने तर्क गर्न मिल्नेगरी ब्यानर राख्न चाहेनन् । त्यसैले ब्यानर छोपेर सुरू भयो ।

तर पाँच पटक प्रधानमन्त्री भइसकेका देउवाको शैली नेपाली राजनीतिमा निकै पुरानो भइसक्यो । देउवाको परम्परागत शैली भनेको दाऊ थापेर बस्ने र सत्तामा पुग्ने हो । निकट विगतमा पनि देउवाले यस्तै शैली देखाएर सत्तामा गएका थिए । फेरि सत्ताको भागबण्डामा वेटिङ प्रधानमन्त्री रहेका देउवा परम्परागत शैलीमै छन् । नत्र ब्यानरमा पार्टीलाई भ्रष्टाचारबाट जोगाऔं भन्ने वाक्य हटाउनु आवश्यक थिएन । तर कांग्रेस र सभापति देउवाले अब परम्परागत राजनीतिमै अल्झिरहनु उचित होइन । आमनागरिकमा सुशासन, समृद्धि र अधिकारका विषयमा पार्टीको धारणा प्रष्ट राखेर अगाडि बढ्नुपर्छ । पहुँजमा पुगेकाहरूको भागबण्डालाई बल पुग्नेगरी परम्परागत शैली त्याग्दा नै कांग्रेस र राष्ट्रिय राजनीतिलाई फाइदा पुग्छ ।

# विद्यार्थीको उत्साहभित्र लुकेको पीडा

अग्रलेख



● डा. दिबाकर बशिष्ठ



त्रिभुवन विश्वविद्यालयको ४९औं दिक्षान्त समारोह हालै सम्पन्न भयो । हालको परिवेश हेर्दा, विश्वविद्यालयबाट ज्ञानको डिग्री लिएर दिक्षान्त समारोहमा टोपी उडाएता पनि श्रम बजारमा चल्नका लागि विदेशकै विश्वविद्यालय ताक्नुको विकल्प देखिँदैन । त्रिविले एकै साथ सबैभन्दा धेरै विद्यार्थी दीक्षित गर्ने विश्वविद्यालयको विश्व रेकर्ड कायम गरेको घोषणा गर्नु नेपालको शैक्षिक इतिहासमा नयाँ इतिहास हो, जहाँ १२ हजारभन्दा बढी विद्यार्थीहरू सहभागि थिए तथापि, नेपालको वर्तमान शैक्षिक अवस्था र सीपमूलक रोजगारीको अभावले अवसरको खोजीमा विदेश जानुपर्ने अवस्थाले उपस्थित विद्यार्थी भने निराश रहेको देखिन्छ, जसलाई उत्साहभित्र लुकेको पीडा भन्नुमा अत्युक्ति नहोला ।

उच्च शिक्षासँगै भविष्य सुनिश्चित गर्ने होडबाजी विद्यार्थीमा चलेको देखिन्छ । विद्यार्थीहरू नेपालको शैक्षिक गुणस्तर उत्कृष्ट रहेता पनि रोजगारीको अवसर नहुँदा विदेशिन बाध्य हुनु परेको छ । सरकारी तथा अर्धसरकारी निकायमा जागिरको सिमित कोटा हुन्छ, जसमा पर्नको लागि शैक्षिक योग्यतासँगै राजनीतिक पहुँच पनि चाहिने हुँदा विद्यार्थीहरू थप निराश हुनु स्वभाविक मानिन्छ । उत्पादन भएको जनशक्तिलाई कुन क्षेत्रमा व्यवस्थापन गर्ने भन्ने योजनासम्म सरकारमा नहुनु दुःखद पक्ष हो भन्नेहरूको कमी छैन । प्राविधिक एवम् अप्राविधिक जुनसुकै डिग्री लिएका विद्यार्थी पनि बेरोजगार हुनुपर्ने र रोजगार नै भैहाले पनि मासिक तलब १५ देखि २० हजारमा काम गर्नुपर्ने परिवेशले थप निराश तुल्लाएको देखिन्छ । विद्यार्थीमा एकातर्फ सफलताले उत्साह थपेको छ भने अर्कोतिर प्राप्त प्रमाणपत्र र सिकेको ज्ञानको कसरी कहाँ सदुपयोग गर्ने हो भन्ने चिन्ताले सताएको हुँदा अधिकांशमा उत्साहभित्र पीडा लुकेको सहजै देखियो । पीडाहरूको विश्लेषण गर्दा, एकातर्फ रोजगारी हुन कठिन, अर्कोतर्फ गुणस्तरीय र व्यवसायिक शिक्षाको अभावको साथै त्रि.वि.वि.को हालको हविगत देख्दा सबै विद्यार्थीको मनमा पीडाबोध हुनु स्वभाविक मानिन्छ ।

आजको परिवेशमा बढी संख्या जुटाएर दीक्षान्त गराउनेभन्दा पनि शैक्षिक गुणस्तरमा विश्व रेकर्ड कायम गर्न सकियो भने यो नै मुलुकको लागि सार्थक हुनेछ । देशको प्रधानमन्त्रीले अब भागवण्डाको संस्कृति छोडेर योग्यता र क्षमताकै आधारमा उपकुलपति तोक्ने प्रथा सुरु गरिने उद्घोष कति दिन टिक्ने हो, त्यो त थाहा भएन तर, यस्तो प्रथाकै प्रतिक्षामा छन् सबैजना भन्नुमा कसैको बिमति नरहला । विद्यार्थी धेरै पास हुनु र दीक्षित हुनुभन्दा पनि शिक्षालाई कसरी मौलिकतामा ढाल्न सकिन्छ र शिक्षित बेराजगारको समस्या कसरी हल गर्ने भन्नेमा सबैको ध्यान जानुपर्ने देखिन्छ । जिम्मेवार पदका आसिन उच्च पदस्थ कर्मचारी, नेता तथा व्यवसायी एवम् शिक्षाविद्हरूले नै विदेशी शिक्षाको भरणपोषण गर्दै आएको र उनीहरू आफै उक्त विश्वविद्यालयको सञ्चालक र मालिकसमेत रहेको हुँदा विद्यार्थी विदेशिने अवस्था आएको भन्नेहरूको कमी छैन ।

नेपालका विश्वविद्यालयबाट सम्बन्धमा प्राप्त कलेजमा कोटा प्रणाली, चिकित्सा शिक्षा आयोगको परीक्षा नीति, प्रवेश परीक्षा, परीक्षामा फेलको प्रतिशत बढ्दो, कडा परीक्षा प्रणाली र समयमा परीक्षा नहुने र नजिता प्रकाशनमा हुने ढिलाई, रोजगारीको अभाव एवम् व्यवसायिक शिक्षाको कमी साथै, विदेश जाने बढ्दो केजले विदेशी विश्वविद्यालयप्रति नेपाली विद्यार्थीको मोह बढेको एक अनुसन्धानले समेत उजागर गरेको छ ।

नेपालका विश्वविद्यालयले कलेजको इजाजत र शैक्षिक कार्यक्रमको इजाजत दिन आनाकानी गर्ने, मौका मिलेसम्म ठूलो रकम घुस खाएर कार्यक्रम बाँड्ने र शिक्षा मन्त्रालयसमेत यस्तो कार्यमा संलग्न हुने प्रवृत्ति मौलाएको कारण विदेशी विश्वविद्यालयप्रति विद्यार्थीहरूको आकर्षण बढेको हो भन्नेहरू मनग्य देखिन्छन् । बिना पढाई पास हुने, परीक्षा प्रणाली कमजोर रहेकोलगायत कारण नेपाल स्थित विदेशी विश्वविद्यालयको सम्बन्धन प्राप्त कलेजको गुणस्तरको कुरा गर्दा कन्त बिजोग छ भन्नेहरू पनि प्रशस्त छन् तर, पनि कमजोर शिक्षा नीति र विश्वविद्यालयमा चरम राजनीतिक हस्तक्षेप र नियुक्ति प्रणालीमा राम्रोभन्दा हाम्रोको परिपाटीले नेपालको निजी कलेज बन्द हुने अवस्थामा पुगेको र सरकारी कलेजसमेत विद्यार्थी अभावको कारण बन्द वा मर्जमा लैजाने अवस्थाले तिव्रता लिएको देखिन्छ । स्मरणरहोस्, भारत, चीनलगायत कतिपय देशले आफ्नो देशको मौलिकता र गुणस्तरमा ध्यान दिएको देखिन्छ तर, नेपालको शिक्षा प्रणालीले सैद्धान्तिक ज्ञान त दियो तर, व्यवसायिक र व्यवहारिक शिक्षा भने दिन सकेन किन ? भन्ने प्रश्न आज शिक्षा क्षेत्रमा व्यापक बहसको विषय बनेको छ र यसतर्फ जोड दिनुपर्दछ भन्ने आवाजसमेत उठिरहेको छ ।

एकातर्फ देशको शिक्षा प्रणाली ध्वस्त हुने अर्कोतर्फ स्वदेशको पुँजी शिक्षाको नाममा विदेश पलायन हुने प्रवृत्ति बढ्दो छ । विदेशी विश्वविद्यालयसँग सम्बन्धित कलेजको विस्तार, आन्तरिक विश्वविद्यालयको स्थिति चिन्ताजनक हुनुमा विश्वव्यापीकरण मात्र हैन बरु नेपालमा देखिएको चरम राजनीतिकरण र विश्वविद्यालयप्रति हुने राजनीतिक नियुक्ति, हस्तक्षेप, परीक्षा र नतिजामा हुने ढिलासुस्तीले विद्यार्थीले हैरानी व्यहोर्नु परेको छ भन्नुमा अत्युक्ति नहोला ।

*एकातर्फ देशको शिक्षा प्रणाली ध्वस्त हुने अर्कोतर्फ स्वदेशको पुँजी शिक्षाको नाममा विदेश पलायन हुने प्रवृत्ति बढ्दो छ । विदेशी विश्वविद्यालयसँग सम्बन्धित कलेजको विस्तार, आन्तरिक विश्वविद्यालयको स्थिति चिन्ताजनक हुनुमा विश्वव्यापीकरण मात्र हैन, विश्वविद्यालयमा देखिएको चरम राजनीतिकरणले हैरानी व्यहोर्नु परेको छ भन्नुमा अत्युक्ति नहोला ।*

व्यवसायिक शिक्षाको नाममा विदेशी चालचलन, संस्कृति, जीवनशैली, परीक्षा पद्धति र अन्य सुविधालगायतले समेत नेपालका युवाहरूलाई विदेशजान एकातर्फ उत्प्रेरित गरेको छ भने अर्कोतर्फ स्वदेशका विश्वविद्यालयको गुणस्तर, बेरोजगार र सरकारको शिक्षा नीतिले भोलिका दिनमा नेपालको धर्म, संस्कृति नै लोप हुने अवस्थाप्रति सम्बन्धित निकाय बलैमा चनाखो हुन ढिला भैसकेको छ । प्लस टु सकेपछि किन विदेशीने चलन बढ्यो, किन विदेशी विश्वविद्यालयको स्वीकृति नेपालमा बढ्यो र किन स्वदेशका विश्वविद्यालय बन्द हुने अवस्थामा पुग्दैछन् भन्नेतर्फ राष्ट्रिय स्तरमै गोलमेच सम्मेलन गरी नयाँ नीति नबनाउने हो भने ब्रेनड्रेनको समस्या विकराल हुनुको साथै, नेपालको शिक्षा प्रणाली थप कमजोर हुनेतर्फ बेलैमा सचेत हुनुपर्ने देखिन्छ ।

नेपालको उच्च शिक्षाका विभिन्न कार्यक्रमहरू सञ्चालन गर्दै आएको त्रिभुवन विश्वविद्यालय आज अनेक समस्याले ग्रस्त भएको छ । देशभर क्याम्पसहरूको विस्तार गरेर पनि नपुगेकोले नीजि क्याम्पस खुल्दै आइरहेका छन् । विश्वविद्यालय र अन्तरगतका क्याम्पसहरूले विद्यार्थी भर्नाको चाप प्रत्येक वर्ष थेग्दै आइरहेका थिए । विश्वविद्यालयअन्तरगतका क्याम्पसहरूमा विद्यार्थीको चाप आवश्यक कोटाभन्दा बढी थियो, सिम्याट उत्तिर्ण गरेर नि सरकारी कलेजमा भर्ना पाउन विद्यार्थीलाई हम्मे हम्मे पर्ने अवस्था रहेकोमा विगत दुई वर्षदेखि विद्यार्थी भर्ना घटेको छ । विद्यार्थी भर्ना सरकारी कलेजमा मात्र घटेको नभई त्रिभुवन विश्वविद्यालयलगायत देशभरमा रहेको विभिन्न विश्व विद्यालयबाट सम्बन्धन प्राप्त कलेजमा समेत विद्यार्थी भर्ना न्यून रहेबाट पुनः सिम्याट वा परीक्षा लिँदासमेत विद्यार्थी संख्या कोटाअनुसार नपुगेको अवस्थाले सरकार, विश्वविद्यालय र कलेज सञ्चालकहरू समेत पछिल्लो समय शिक्षा क्षेत्रको भविष्य के हुने हो भनेर निकै चिन्तित बनेका छन् ।

